जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३६ अंक २३ २०८३ साल साउन २८ गते बिहीबार (13 Aug 2026 Thursday) मूल्य रु. ५/-

**बाढी/पहिरोबाट सतर्क रहौं ।**

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**Log in :** *rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : एनसेलको शेयर खरिद-बिक्री... ३ पृष्ठमा : सीप, रोजगारी, उद्यम र सम्मान ... ३ पृष्ठमा :स्टेट अफ होर्मुजमा...

## खुश्वुको हत्या आरोपमा एक पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, २७ साउन ।**

खुश्वु पालको हत्या आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सप्तरीको बोदेबरसाईन नगरपालिका १ महनौरी टोलका २० बर्षीय गजेन्द्रनाराण यादव छन् ।

मंगलबार साँझ गाउँबाट पक्राउ परेका उनलाई बुधबार सप्तरी जिल्ला अदालतबाट ज्यान सम्बन्धी कसुरमा म्याद थपेर आवश्यक अनुसन्धान भईरहेको प्रहरीले जनाएको छ ।



जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक हेमराज घिमिरेका अनुसार २०८२ मंसिर ११ गते राती ११ बजेतिर गाउँमै आयोजित एक बैबाहिक समारोहमा १४ बर्षीया खुश्वु डिजेबाला गाडीमा नृत्य गर्दै थिईन् ।

नृत्य गर्दैगर्दा अचानक अत्याधिक मादक पदार्थ सेवन गरेका यादव सो गाडीमा चढी खुश्वुसंग अभद्र व्यवहार गरेका थिए । सोही क्रममा प्रतिवाद गर्दा यादवले खुश्वुलाई धक्का दिएका थिए । जसकारण गाडीमै चलिरहेको जेनरेटरमा खुश्वुको टाउको ठोकिन पुगेको थियो । टाउकोमा गम्भिर चोट लागेका खुश्वुलाई तत्कालै उपचारका लागि स्थानिय गजेन्द्रनारायण सिंह अस्पताल पुऱ्याइएको थियो । तर त्यहाँ उपचार सम्भव नभएपछि विराटनगरस्थित न्यूरो अस्पताल पुऱ्याइएको थियो । त्यहाँ पनि स्वास्थ्य अवस्थामा सुधार नआएपछि खुश्वुलाई थप उपचारका लागि काठमाडौं स्थित किर्तिपुर अस्पताल लगिएको थियो ।

केही दिनको उपचारपछि स्वास्थ्य अवस्थामा सुधार देखिएपछि २०८२ पुष ४ गते डिसचार्ज गरी ल्याउँदै गर्दा बाटोमा पुनः स्वास्थ्य अवस्था बिग्रिएको र सिरहाको लहान स्थित प्रादेशिक अस्पतालमा भर्ना गराएकोमा सोही दिन खुश्बुको मृत्यू भएको थियो ।

घट्नापछि फरार रहेका यादवको खोज तलाश कार्य जारी राखेकै बेला मंगलबार साँझ गाउँघरमै लुकी बसेको अवस्थामा उनलाई पक्राउ गरिएको प्रहरी नायब उपरीक्षक घिमिरेले जानकारी दिए ।

मृतकका दाजु सुरज पालको जाहेरीले इलाका प्रहरी कार्यालय कडोरबोनामा उनी माथि ज्यान सम्बन्धि कसुरमा मुद्दा दर्ता भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## महिलाद्वारा अदालत अगाडी आत्मदाहको प्रयास

**दैनिक समाचारदाता**
**जनकपुरधाम, २७ साउन ।**

एक महिलाले बुधबार जनकपुरस्थित अदालत अगाडी आत्मदाह प्रयास गरेकी छन् ।

जनकपुर उपमहानगरपालिका ४ घर भएकी फुलकुमारी रजकले धनुषा जिल्ला अदालतको मुख्य सडकमा आत्मदाहको प्रयास गरेकी हुन् ।

मिटरब्याज पीडितहरुले बुधबार अदालत अगाडि नाराबाजी गर्दै विरोध प्रदर्शन गर्ने क्रममा उनले शरीरमा पेट्रोल खन्याएपछि प्रहरीले हस्तक्षेप गर्दै उद्धार गरेको थियो ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता एवं डीएसपी मधुसुधन न्यौपानेका अनुसार उनलाई प्रहरीले उद्धार गरी थप उपचारका लागि प्रादेशिक अस्पताल पठाएको जानकारी दिएका छन् ।

प्रहरीका अनुसार उनको अवस्था सामान्य छ । अदालतबाट न्याय नपाएको उनको गुनासो थियो ।

## किशोरी मृत अवस्थामा फेला

**दैनिक समाचारदाता**
**जनकपुरधाम, २७ साउन ।**

धनुषाको शहीदनगर ३ यदुकुहामा एक १७ वर्षीया किशोरी मृत अवस्थामा फेला परेकी छिन् ।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार बुधबार दिउँसो साढे ११ बजे आफ्नै घरको कोठामा पार्वती खत्वे मण्डल मृत फेला परेकी हुन् ।

उनको शव घटनास्थलमै रहेका र थप अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय यदुकुहाबाट टोली पठाइएको छ ।

हत्या हो कि आत्महत्या भन्ने विषयमा अनुसन्धान अगाडि बढाइएको प्रहरीले जनाएको छ ।

## धनुषा प्रहरीद्वारा ८१ लाख बढीको अवैध सामान बरामद

जनकपुरधाम, २७ साउन (रासस) ।

भन्सार चोरीपैठारी नियन्त्रण अभियानअन्तर्गत धनुषा प्रहरीले पछिल्लो २६ दिनमा रु ८१ लाख सात हजार ७८६ बराबरको अवैध सामान बरामद गरेको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक मधुसुदन न्यौपानेका अनुसार साउन १ गतेदेखि २६ गतेसम्ममा विभिन्न स्थानबाट ८१ लाख सात हजार ७८६ बराबरको अवैध सामान बरामद गरी पाँच जनालाई पक्राउ गरेको छ ।

यस्तै सो अवधिमा लागुऔषधसहित २४ जनालाई पक्राउ गरी १९ वटा लागुऔषधसम्बन्धी मुद्दा दर्ता गरिएको प्रहरी नायब उपरीक्षक न्यौपानेले भएको जानकारी दिनुभयो । सो क्रममा ३४ किलो गाँजा, १८५.८२ ग्राम खैरोहेरोइन, २४३ थान नाइट्रोजेपाम, पाँच थान स्पास्मोरेटल, १४ थान एन्टिकफ ट्याब्लेट र नौ थान कोलिबेन बरामद गरिएको उहाँले बताउनुभयो ।

त्यसैगरी, हातहतियारसम्बन्धी एउटा मुद्दा दर्ता गरिएको र तीन जना व्यक्ति पक्राउ परेको प्रहरीले जनाएको छ । बरामद हातहतियारमा पेस्तोल एक थान, पेस्तोलको म्यागजिन एक थान, ७.६५ केएफ लेखिएको गोली एक थान र नौ एमएम केएफ लेखिएको गोली राउन्ड एक थान गरी पाँच थान सामग्री रहेको प्रहरीले जनाएको छ ।

उहाँका अनुसार फैसला कार्यान्वयन अभियानलाई पनि तीव्रता दिएको छ । यस अवधिमा ४१० वटा पक्राउ पुर्जी कार्यान्वयन गरिएको छ । विभिन्न अदालतबाट फैसला भएका व्यक्तिमाथि कारबाही गर्दै १५८ वर्ष आठ महिना सात दिन कैद सजाय कार्यान्वयन गरिएको तथा जरिवाना रु ६३ लाख ७७ हजार २६१ असुल गरिएको प्रहरी नायब उपरीक्षक न्यौपानेले बताउनुभयो ।

## नदीमा हराएका दुई बालबालिकाको शव फेला, एकको खोजी जारी

**दैनिक समाचारदाता**
**रौतहट, २७ साउन ।**

रौतहटको देवाही गोनाही नगरपालिका १ करुनियास्थित लालबकैया खोलामा नुहाउने क्रममा मङ्गलबार दिउँसो डुबेर बेपत्ता भएका तीन बालबालिकामध्ये एक बालक र एक बालिकाको शव फेला परेको छ ।

स्थानीय १० वर्षीय बालक मोहमद रहमतुल्लाह र सोही उमेरकी बालिका सवनम खातुनको शव बुधबार बिहान फेलापरेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षिक वसन्त गौतमले जानकारी दिएका छन् ।

घटनास्थलभन्दा करिब पाँच किमी दक्षिण परोहा नपा वडा नं २ जिङ्गडवास्थित लालबकैया खोला किनारमा करिब २०० मिटरको दूरीमा शव फेलापरेको रौतहट जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

कानुनी प्रक्रिया पूरा गरी 'पोष्टमार्टम' गर्नका लागि प्रहरी कार्यालय गरुडाका प्रहरी निरीक्षक प्रमोद खड्का नेतृत्वको टोली घटनास्थलपतर्फ खटिएको रौतहट जिल्ला प्रहरी प्रवक्ता गौतमले जानकारी दिए ।

**वीमा लेख नं. हराएको सूचना**

राजविराजदेखी नर्घो जाँदै गरेको अवस्थामा २०८३ साल असार ५ गते मेरो निम्न ब्यहोराको लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडको वीमा लेख नं. हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा ९७४६६१९४२० मा सम्पर्क गर्नुहोला ।

**नाम : माधुरी कुमारी मण्डल**
**ठेगाना :नर्घो ६, सप्तरी**
**वीमा लेख नं. : १२००१४४९**

**भू-संरक्षणमा ध्यान दिऔं**

- भू-क्षय र पहिरो नियन्त्रणमा योगदान दिऔं,
- भिरालो जमिनमा खेती गर्दा गरा बनाई गरौं,
- भूक्षय रोक्ने रुख, घाँस (अम्रिसो, बाँस) जस्ता वोटविरुवा रोपौं,
- विना अनुमति गिट्टि, बालुवा, माटो, ढुङ्गा उत्खनन नगरौं,
- भू-बनोट र वातावरणीय अध्ययन गरेर मात्र सडक पूर्वाधार निर्माण गरौं,
- वन, जलस्रोत र प्राकृतिक सम्पदाको संरक्षण गरौं,
- भू-संरक्षणमा समुदायको सहभागिता बढाऔं।

भू-रक्षाः जीवनको सुरक्षा

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### जनचेतनाका साथै निगरानी समेत बढाउनु आवश्यक

बालबालिकाहरु अहिले सूर्तीजन्य पदार्थप्रति बढी आकर्षित भइरहेका छन् । स्वास्थ्यका लागि हानिकारक सूर्तीजन्य पदार्थप्रति उनीहरुको मोह बढीरहेकोमा अभिभावक समेत सचेत हुनु आवश्यक छ । अहिले मुलुकमा सूर्तीजन्य पदार्थको बढेको बढै छ । सूर्तीजन्य पदार्थको सेवनकर्ताको पहिलो रोजाईमा बालबालिका र युवावर्ग छन् । त्यसबाहेक दोश्रोमा विद्यालयका कलिला छात्रहरु छन् । जुन चिन्ताको गम्भिर विषय पनि हो ।

सरकारले कानून बनाए पनि हरेक उमेर समूहका व्यक्तिले सहज रुपमा सूर्तीजन्य पदार्थ किन्न सक्दछन् । जसले गर्दा यसको सेवनकर्ताको संख्या दिनानुदिन बढ्दै गएको छ । अहिले सूर्तीजन्य पदार्थ सेवन नसर्ने रोग अन्तर्गत गम्भीर रोगका रुपमा बिकासित हुँदै गएको छ । यसका लागि सरकारी तथा गैरसरकारी तवरबाट अनेकन प्रयासहरु नभएका होइनन् । तर, समस्या सल्झिनुका साटो झनै बल्झिदै गएको छ ।

हाम्रो मुलुकमा सूर्तीजन्य पदार्थहरु सामान्यजनको पहुँचमा छ । जुनसुकै पसलहरुमा पनि सूर्तीजन्य पदार्थ सजिलै किन्न पाइन्छ । तसर्थ यस्तो गम्भिर विषयमा तीनै तहका सरकार गम्भिर बन्नुपर्छ भने यस्ता विषयमा विद्यालयस्तरबाटै सरोकारवाला निकाय, शिक्षक तथा अभिभावकहरुले जनचेतनाका साथै निगरानी समेत बढाउनु उत्तिकै आवश्यक छ ।

### बाढी/पहिरोबाट सतर्क रहौं ।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

जनहीतका लागि : राजविराज दैनिक

# एनसेलको शेयर खरिद-बिक्री छानबिन प्रतिवेदन सार्वजनिक गर्ने सरकारको निर्णय

काठमाडौँ, २७ साउन (रासस) ।

सरकारले एनसेल आजियाटाको शेयर खरिद-बिक्रीसम्बन्धी अध्ययन तथा छानबिन समितिको प्रतिवेदन, २०८० सार्वजनिक गर्ने निर्णय गरेको छ । पूर्वमहालेखापरीक्षक टङ्कमणि शर्मा दङ्गालको संयोजकत्वमा गठित समितिले तयार पारेको उक्त प्रतिवेदन सार्वजनिक गर्दै त्यसमा उल्लिखित सुझाव कार्यान्वयन गर्ने निर्णय मन्त्रिपरिषद्ले गरेको हो । सरकारका प्रवक्ता एवं शिक्षामन्त्री सस्मित पोखरेलले मङ्गलबार मन्त्रिपरिषद्का निर्णय सार्वजनिक गर्ने निर्णय भएको जानकारी दिनुभएको हो ।

समितिको प्रतिवेदनअनुसार एनसेल आजियाटा साविकको स्पाइस सेल प्रालिका रूपमा विसं २०५८ मा स्थापना भएदेखि हालसम्म १४ पटक शेयर तथा स्वामित्व खरिद-बिक्री भएको छ । तीमध्ये अधिकांश कारोबार नेपालबाहिर अफसोर संरचनामार्फत भएको र त्ससँग सम्बन्धित सम्पूर्ण अभिलेख तथा विवरण नेपालका सम्बन्धित आधिकारिक निकायमा पेश भएको नदेखिएको समितिको निष्कर्ष छ । कतिपय नेपाली शेयरधनीको कारोबारको भुक्तानीसमेत नेपालको बैंकिङ प्रणालीमार्फत नभई विदेशमा भएको देखिएको प्रतिवेदनमा उल्लेख छ ।

यस क्रममा एनसेलको विदेशी र स्वदेशी लगानीको अनुपात पटक-पटक परिवर्तन भएको समितिले जनाएको छ । हाल कम्पनीमा करिब ८० प्रतिशत विदेशी र २० प्रतिशत स्वदेशी लगानी रहेको उल्लेख गर्दै २०७७ साउन १९ गते कम्पनीका थप सात कर्मचारीलाई ११ कित्ता शेयर बिक्री गरी कम्पनीलाई पब्लिक लिमिटेडमा परिणत गरिएको प्रक्रिया पनि स्वाभाविक नदेखिएको समितिको ठहर छ ।

समितिको विवरणअनुसार एनसेलले नेपालमा व्यवसाय सुरु गरेदेखि प्रविधिसहित कुल रु आठ करोड विदेशी र रु दुई करोड स्वदेशी लगानी गरेको उल्लेख छ । सो अवधिमा कम्पनीले रु एक खर्ब १३ अर्ब ५८ करोड नाफा कमाएको तथा रु ९३ अर्ब ५० करोड लाभांश घोषणा गरेको प्रतिवेदनमा उल्लेख छ ।

घोषित लाभांशमध्ये रु ६६ अर्ब ९५ करोडभन्दा बढी लाभांश तथा थप रु दुई अर्बभन्दा बढी रकम अन्य शीर्षकमा विदेश लगिएको समितिको निष्कर्ष छ । स्वदेशी शेयरधनीले भने लाभांशबापत रु १९ अर्ब २५ करोड प्राप्त गरेको प्रतिवेदनमा उल्लेख छ । एनसेलले तत्कालिन समयसम्म एक करोड ३० लाखभन्दा बढी सिमकार्ड वितरण गरी मोबाइल सेवा सञ्चालन गरिरहेको र कर तथा गैरकर राजस्वबापत नेपाल सरकारलाई करिब रु तीन खर्ब दुई अर्ब बुझाएको प्रतिवेदनमा उल्लेख छ । कम्पनीको सञ्चालन नाफा अन्य मुलुकका दूरसञ्चार सेवा प्रदायकको तुलनामा उच्च रहेको पनि समितिको प्रतिवेदनमा उल्लेख छ ।

प्रतिवेदनले एनसेलको मुख्य कम्पनी आजियाटाले नेपालमा अन्य मुलुकको तुलनामा आकर्षक मुनाफा मंगलबार्रन गरिरहेको निष्कर्ष निकालेको थियो । नेपालबाहेक इन्डोनेसिया, बङ्गलादेश र श्रीलङ्कालगायत देशमा आजियाटाले सञ्चालन गरेका दूरसञ्चार व्यवसायको तुलनामा नेपालमा करपछिको मुनाफा प्रतिशतसमेत बढी रहेको समितिको विश्लेषण छ । त्यसैले आजियाटाले १ डिसेम्बर २०२३ मा नेपालमा व्यावसायिक वातावरण अनुकूल नभएको भन्दै जारी गरेको विज्ञप्तिको दाबी तथ्यमा आधारित नरहेको समितिको निष्कर्ष छ ।

आजियाटा ग्रुप बर्हाड मलेसिया र स्पेक्ट्रलाइट यूकेबीच १ डिसेम्बर २०२३ मा भएको एनसेलको शेयर खरिद-बिक्री सम्झौता प्रचलित नेपाली कानूनअनुसार शेयर कारोबार गर्नुपूर्व लिनुपर्ने पूर्वस्वीकृति नलिई गरिएको समितिको प्रतिवेदनको निष्कर्ष छ ।

सम्झौतामा प्रारम्भिक प्रतिफल पाँच करोड अमेरिकी डलर अर्थात् करिब रु छ अर्ब रहेको र त्यसको पहिलो किस्ता ५० लाख अमेरिकी डलर तथा बाँकी चार करोड ५० लाख अमेरिकी डलर चार वर्षभित्र तिर्ने व्यवस्था रहेको उल्लेख छ । त्यसबाहेक 'डिफर्ड कन्सिडरेसन'अन्तर्गत २०२३ को लाभांशको ८० प्रतिशत, २०२४ र २०२५ को लाभांशको ४० प्रतिशत, २०२६ र २०२७ को ३० प्रतिशत तथा २०२८ र २०२९ को २० प्रतिशत बराबरको रकमसमेत भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको समितिले जनाएको छ । अन्य सम्भावित दायित्वसमेत खरिदकर्ताले व्यहोर्नुपर्ने शर्त रहेकाले कारोबारको वास्तविक मूल्य यकिन गर्न कठिन रहेको प्रतिवेदनमा उल्लेख छ ।

समितिको प्रतिवेदनमा शेयर खरिद-बिक्री सम्झौता समान व्यवसायिक व्यवहारको सिद्धान्तमा आधारित नभएको उल्लेख छ । त्यस्तै, सम्झौतामा विक्रेता पक्ष हावी भएको र खरिदकर्ता पक्षमाथि स्वाभाविकभन्दा बढी शर्त राखिएको समितिको विश्लेषण छ ।

शेयर बिक्रीपछि पनि विक्रेताले वर्षौंसम्म लाभांश लैजान पाउने, मुद्दा गर्न पाउने तथा कम्पनीको ऋण र दायित्वबाट विक्रेता अलग रहनेजस्ता प्रावधान राखिएकाले यसलाई स्वतन्त्र र स्वाभाविक व्यावसायिक सम्झौता मान्न नसकिने समितिको निष्कर्ष छ ।

त्यस्तै, आयकर ऐन, २०५८ को दफा ५७ लगायत विषयमा नेपाल-यूके द्विपक्षीय लगानी सम्झौताअन्तर्गत मध्यस्थतासम्बन्धी व्यवस्था राखिएको र खरिदकर्ताले नेपाली करसम्बन्धी विवादमा मुद्दा दायर गरे विक्रेता पनि सहदावीकर्ताका रूपमा सहभागी हुन सक्ने प्रावधान देखिएको समितिको प्रतिवेदनमा उल्लेख छ । यसबाट शेयर बिक्रीपछि पनि विक्रेताले एनसेलमाथि अप्रत्यक्ष नियन्त्रण कायम राख्न खोजेको देखिने समितिको निष्कर्ष छ ।

समितिले एनसेल र स्मार्ट टेलिकमबीच सम्भावित आर्थिक हित तथा क्रसहोल्डिङको विषयसमेत उठाएको छ । शेयर खरिद-बिक्री सम्झौताको एक अनुसूचीमा स्मार्ट टेलिकमको अनुमतिपत्र नवीकरण भई एनसेलले स्मार्ट टेलिकम प्राप्त गरेमा खरिदकर्ता कम्पनीले विक्रेतालाई थप एक करोड अमेरिकी डलर बुझाउनुपर्ने शर्त रहेको प्रतिवेदनमा उल्लेख छ । यसका आधारमा एनसेल र स्मार्ट टेलिकमका शेयरधनीबीच आर्थिक हितको सम्बन्ध रहेको हुनसक्ने समितिको निष्कर्ष छ । विगतमा दुवै कम्पनी तथा तिनका लगानीकर्ताबीच पारिवारिक सम्बन्धसमेत रहेको देखिएको भन्दै समितिले क्रसहोल्डिङको अवस्था हुनसक्ने सम्भावना औंल्याएको छ ।

एनसेलले नेपाल सरकारलाई तिर्नुपर्ने कर तथा गैरकर गरी रु ८५ अर्बभन्दा बढी रकमका सम्बन्धमा विभिन्न तहका अदालत तथा निकायमा मुद्दा विचाराधीन रहेको प्रतिवेदनमा उल्लेख छ । कम्पनीले करलगायत दायित्वका विषयमा विभिन्न न्यायिक निकाय र अन्तर्राष्ट्रिय तहमा समेत पटक-पटक मुद्दा मामिला गरिरहेको समितिले जनाएको छ ।

त्यस्तै, टेलिया सोनेरा स्वीडेनबाट आजियाटा मलेसियाले एनसेलको ८० प्रतिशत शेयर खरिद गर्दा भएको सम्झौता नेपाल सरकारका नियामक निकाय वा न्याय निरूपणका क्रममा सर्वोच्च अदालतसमक्ष पेश नभएको समितिको प्रतिवेदनमा उल्लेख गरेको छ । यसले कम्पनीको कारोबार पारदर्शितामाथि प्रश्न उठाएको र कम्पनीमाथि पटक-पटक नियामकीय कारबाहीसमेत भएको भन्दै प्रतिवेदनले एनसेलले नियामकीय निर्देशन, पारदर्शिता तथा व्यावसायिक नैतिकताको अपेक्षित स्तर कायम नगरेको निष्कर्ष निकालेको छ ।

आजियाटाले इन्टरनेसनल सेन्टर फर सेटलमेन्ट अफ इन्भेष्टमेन्ट डिस्प्युट ( आईसीएसआईडी) मा नेपालले स्वच्छ तथा समान व्यवहार नगरेको, लगानीकर्ताको वैधानिक अपेक्षा उल्लङ्घन गरेको, न्याय दिन अस्वीकार गरेको तथा नियमनकारी दुर्व्यवहार गरेको लगायतका आरोपसहित दाबी पेश गरेको विषयलाई पनि समितिले अध्ययन गरेको प्रतिवेदनमा उल्लेख छ ।

समितिका अनुसार आईसीएसआईडी ट्रिबुनलले सर्वोच्च अदालतसहित नेपालका न्यायिक निकायमा दावीकर्तालाई स्वच्छ सुनुवाइको अवसर दिइएको भन्दै उक्त दाबी स्थापित नहुने ठहर गरेको थियो । नेपाल सरकारबाट वैधानिक अपेक्षा सिर्जना हुनेगरी कुनै कार्य भएको प्रमाण पनि कम्पनीले पेश गर्न नसकेको तथा स्वच्छ र समन्यायिक व्यवहार नभएको दाबीसमेत स्थापित नभएको प्रतिवेदनमा उल्लेख छ ।

एनसेल आजियाटाले सार्वजनिक विज्ञप्तिमार्फत शेयर कारोबारको व्यावसायिक मूल्य करिब ४० करोड अमेरिकी डलर रहेको उल्लेख गरेको भए पनि समितिसँगको छलफलमा ८० प्रतिशत शेयरका खरिदकर्ता भनिएका सतिसलाल आचार्यले कम्पनीको व्यावसायिक मूल्य ४० देखि ४५ करोड अमेरिकी डलर रहेको दाबी गरेको प्रतिवेदनमा उल्लेख छ ।

तर कम्पनीको शेयर खरिद-बिक्री सम्झौता र पछिल्लो वित्तीय विवरणसँग यी तथ्याङ्क मेल नखाएको समितिको ठहर छ । दूरसञ्चार सेवा सञ्चालनसँग सम्बन्धित ठूलो भौतिक सम्पत्ति, अनुमतिपत्रको बाँकी अवधि तथा कर-राजस्व बुझाएपछि पनि वार्षिक अर्बौं रुपैयाँ मुनाफा मंगलबार्रन गर्ने कम्पनीको कारोबार मूल्य सार्वजनिक विवरणसँग मेल नखाएकाले कारोबार मूल्यको विश्वसनीयतामाथि प्रश्न उठेको प्रतिवेदनमा उल्लेख छ । समितिले आजियाटा र स्पेक्ट्रलाइटबीच भएको शेयर खरिद-बिक्री सम्झौता नै वास्तविक र यथार्थपरक नदेखिएको पनि प्रतिवेदनको निष्कर्ष छ ।

समितिले एनसेलको पछिल्लो शेयर खरिद-बिक्री सम्झौतालाई यथास्थितिमा स्वीकार नगर्न सरकारलाई सुझाव दिएको देखिन्छ । कानूनअनुसार दुवै पक्षले सम्बन्धित निकायमा निवेदन दिनुपर्ने भए पनि त्यस्तो निवेदन नदिएको, शेयर खरिद-बिक्रीअघि लिनुपर्ने स्वीकृति नलिएको तथा सम्झौताका शर्तहरू अनुसार नभएको समितिको निष्कर्ष छ ।

त्यस्तै, खरिदकर्ता कम्पनीको प्राविधिक, वित्तीय र व्यवस्थापकीय क्षमता पुष्टि हुने पर्याप्त प्रमाण तथा कागजात पेश नभएको भन्दै सम्झौता स्वीकार गर्न उपयुक्त नहुने समितिको सुझाव छ । सरकारले एनसेलको शेयर खरिद-बिक्रीबारे निर्णय गर्दा खरिदकर्ता कम्पनीको प्राविधिक क्षमता, लगानीको स्रोत, सञ्चालकको व्यावसायिक पृष्ठभूमि तथा दूरसञ्चार कम्पनी र तिनका सञ्चालकबीच हुनसक्ने क्रसहोल्डिङको अवस्थालाई अध्ययन गर्नुपर्ने प्रतिवेदनले

बाँकी अन्तिम पृष्ठमा

# सीप, रोजगारी, उद्यम र सम्मान चाहन्छ युवा

**राज कार्की**

काठमाडौं, २७ साउन (रासस) ।

नेपाल आज एउटा महत्वपूर्ण मोडमा उभिएको छ । देशको ठूलो जनशक्ति युवा छ । युवासँग ऊर्जा छ, सिर्जनशीलता छ, नयाँ कुरा सिक्ने क्षमता छ र परिवर्तन गर्ने साहस पनि छ तर यही युवा जनशक्ति आज रोजगारी, उद्यम, सीप र भविष्यको सुनिश्चितताको खोजीमा छ । कोही विदेश जाने तयारीमा छ, कोही वैदेशिक रोजगारीबाट फर्किएर नेपालमा केही गर्न चाहन्छ, कोही सानो व्यवसाय सुरु गर्ने सपना बोकेर बैंक तथा सरकारी कार्यालयको ढोका चहारिरहेको छ । यस्तो अवस्थामा युवाको अपेक्षा केवल सरकारले दिने आर्थिक सुविधा वा अनुदानमा सीमित हुनु हुँदैन ।

युवाले खोजेको वास्तविक कुरा अवसर हो, आत्मनिर्भर हुने वातावरण हो, आफ्नो सीपको सम्मान हो र आफ्नो श्रमबाट भविष्य निर्माण गर्ने बाटो हो । नेपाल सरकारले राष्ट्रिय युवा नीति २०८२ अघि सारेको छ । मन्त्रालयले पनि युवालाई शिक्षित, सीपयुक्त, अनुशासित र उद्यमशील बनाउँदै राष्ट्र निर्माणमा परिचालन गर्ने विषयलाई महत्वपूर्ण मानेको छ । अब चुनौती नीति बनाउने मात्र होइन, त्यसलाई युवाको दैनिक जीवनमा महसुस हुनेगरी कार्यान्वयन गर्नु हो । त्यसैले आजको आवश्यकता स्पष्ट छ-सहज सुविधा होइन, सीप, रोजगारी, उद्यम र सम्मान चाहन्छ युवा ।

**अनुदान समस्याको समाधान होइन**

युवालाई आर्थिक सहयोग गर्नु आवश्यक हुनसक्छ तर एकपटक अनुदान दिएरमात्रै युवाको भविष्य सुरक्षित हुँदैन । बरु त्यस्तो सहयोगलाई सीप, व्यवसाय र उत्पादनसँग जोड्न सकिएमा त्यसको प्रभाव दीर्घकालीन हुन्छ । मानौं, कुनै युवालाई सिलाइ मेसिन दिइयो । मेसिन पाउनु राम्रो कुरा हो तर त्यसपछि के त ? भन्ने प्रश्न आउँछ । उसलाई आधुनिक डिजाइन सिकाइयो कि सिकाइएन ? बजार कहाँ छ भनेर जानकारी दिइयो कि दिइएन ? डिजिटल मार्केटिङ सिकाइयो कि सिकाइएन ? बैंकिङ तथा लेखा व्यवस्थापनको ज्ञान दिइयो कि दिइएन ? उत्पादनलाई ब्रान्ड बनाएर बिक्री गर्ने अवसर दिइयो कि दिइएन ? भन्ने कुरा महत्वपूर्ण हुन्छ ।

यदि यी प्रश्नको उत्तर छैन भने मेसिन एउटा सामान मात्र बन्न सक्छ तर मेसिनसँगै सीप, बजार, प्रविधि, वित्तीय ज्ञान र उद्यमशीलता जोडियो भने त्यही मेसिन एउटा रोजगारीको केन्द्र बन्नसक्छ । त्यसैले अबको युवा नीति 'युवालाई के दिने ?' भन्दा 'युवालाई के गर्न सक्ने बनाउने ?' भन्ने प्रश्नबाट निर्देशित हुनुपर्छ ।

**सीपलाई दोस्रो दर्जाको काम नठानौँ**

नेपालमा अझै पनि एउटा सामाजिक सोच परिवर्तन गर्न आवश्यक छ- सीपमूलक कामलाई सानो काम ठान्ने प्रवृत्ति । हामीले डिग्रीलाई सम्मान गर्छौं तर सीपलाई त्यति सम्मान गर्दैनौं । कार्यालयको जागिरलाई प्रतिष्ठित ठान्छौं, तर आफ्नो हातको सीप प्रयोग गरेर व्यवसाय गर्ने व्यक्तिलाई त्यति महत्व दिँदैनौं । यो सोच परिवर्तन नगरी युवा आत्मनिर्भर बन्न सक्दैन । टेलरिङ, बुनाइ, काष्ठकला, धातुकला, हस्तकला, कृषि, पर्यटन, होटल व्यवसाय, निर्माण, सौन्दर्य सेवा, सूचना प्रविधि, डिजाइन तथा अन्यअ प्राविधिक क्षेत्रमा सीप भएका युवाले देशको अर्थतन्त्रमा ठूलो योगदान दिन सक्छन् ।

म आफैं परम्परागत सीपसँग जोडिएको व्यवसायमा काम गरिरहेको युवा व्यवसायी भएकाले मैले नजिकबाट देखेको कुरा हो- सीप पुरानो हुन सक्छ, तर सोच कहिल्यै पुरानो हुनु हुँदैन । परम्परागत टेलरिङलाई आधुनिक फेसन उद्योगमा बदल्न सकिन्छ । स्थानीय उत्पादनलाई राष्ट्रिय ब्रान्ड बनाउन सकिन्छ । हातको सीपलाई डिजिटल प्रविधिसँग जोड्न सकिन्छ । यही परिवर्तनका लागि युवा नीतिले प्रोत्साहन दिनुपर्छ ।

**विदेश जाने बाध्यता कम गरौँ**

वैदेशिक रोजगारी नेपाली युवाको एउटा महत्वपूर्ण विकल्प बनेको छ । विदेश गएर आफ्नो परिवार र देशको अर्थतन्त्रमा योगदान गर्ने युवाको श्रमको सम्मान हुनुपर्छ । तर प्रश्न अर्को पनि छ-नेपालमै युवाले भविष्य देख्न सक्ने वातावरण हामीले कहिले बनाउने ?

यदि एउटा युवा नेपालमा बसेर आफ्नो सीप प्रयोग गरी राम्रो आम्दानी गर्न सक्छ, सानो व्यवसायलाई ठूलो बनाउन सक्छ र अरू पाँच वा दस जनालाई रोजगारी दिन सक्छ भने त्यसले देशको अर्थतन्त्रमा अझ ठूलो योगदान पुर्याउन सक्छ । त्यसैले 'विदेश नजाऊ' भनेर मात्र युवालाई रोक्न सकिँदैन । देशमै रोजगारी, बजार, पूँजी, प्रविधि र सम्मान दिनुपर्छ । युवाले नेपालमै सम्भावना देख्न थालेपछि मात्र वैदेशिक रोजगारीको बाध्यता क्रमशः कम गर्न सकिन्छ ।

**शिक्षा र सीपबीचको दूरी हटाउनुपर्छ**

नेपालको शिक्षा प्रणालीमा पनि परिवर्तन आवश्यक छ । सबै युवाले एउटै बाटो रोज्नुपर्छ भन्ने छैन । कसैलाई विश्वविद्यालयको शिक्षा आवश्यक हुन्छ, कसैलाई प्राविधिक शिक्षा, कसैलाई व्यवसायिक तालिम र कसैलाई आफ्नै व्यवसाय सञ्चालन गर्ने सीप । विद्यालय तहदेखि नै युवालाई 'सिक र कमाउ' अर्थात् सिक्दै कमाउने संस्कृतिसँग जोड्न सकिन्छ ।

फेसन डिजाइन, टेलरिङ, कृषि प्रविधि, होटल व्यवस्थापन, डिजिटल मार्केटिङ, इलेक्ट्रिकल, प्लम्बिङ, निर्माण, हस्तकला, सौन्दर्य सेवा, सूचना प्रविधिजस्ता क्षेत्रमा व्यवहारिक शिक्षा विस्तार गर्नुपर्छ । विशेषगरी फेसन उद्योग र परम्परागत सीपलाई प्राविधिक शिक्षासँग जोड्नुपर्ने आवश्यकता छ । नेपालमा उत्पादन हुने कपडा, नेपाली डिजाइन, हस्तकला र स्थानीय सीपलाई अन्तरराष्ट्रिय बजारसम्म पुर्याउन सकिने ठूलो सम्भावना छ ।

**युवालाई उद्यमी बनाउने वातावरण**

युवा व्यवसायी बन्न चाहन्छ, तर व्यवसाय सुरु गर्दा अनेकौं समस्या आउँछन् । व्यवसाय दर्ता, कर प्रणाली, बैंक ऋण, धितो, बजार, प्रविधि, कर्मचारी व्यवस्थापन र सरकारी प्रक्रियाले धेरै युवालाई निरुत्साहित गर्छ । त्यसैले युवा उद्यमीका लागि एकद्वार सेवा, सरल दर्ता प्रक्रिया, सहुलियतपूर्ण ऋण, व्यवसायिक परामर्श, डिजिटल सेवा र बजारसँग जोड्ने कार्यक्रम आवश्यक छ । युवालाई ऋण मात्र दिएर पुग्दैन । ऋणसँगै व्यवसाय सञ्चालन गर्ने ज्ञान पनि दिनुपर्छ । सरकार, बैंक, निजी क्षेत्र, शैक्षिक संस्था र युवा उद्यमीबीच सहकार्यको बलियो प्रणाली विकास गर्नुपर्छ ।

युवालाई केवल रोजगारी खोज्ने जनशक्तिका रूपमा हेर्नु गलत हो । युवा स्वयं रोजगारी सिर्जना गर्न सक्ने शक्ति हो । एउटा सफल युवा उद्यमीले आफूसँगै अरू धेरै युवालाई रोजगारी दिनसक्छ । एउटा सानो सिलाइ व्यवसाय ठूलो उत्पादन केन्द्र बन्नसक्छ । एउटा सानो कृषि व्यवसाय प्रशोधन उद्योग बन्नसक्छ । एउटा स्थानीय हस्तकला व्यवसाय अन्तर्राष्ट्रिय ब्रान्ड बन्नसक्छ । त्यसैले युवा नीति रोजगारी खोज्ने युवाबाट रोजगारी सिर्जना गर्ने युवातर्फ केन्द्रित हुनुपर्छ । यसका लागि सफल युवा उद्यमीको अनुभवलाई पनि नीति निर्माणमा समेट्नुपर्छ । नीति कागजमा मात्र होइन, व्यवसाय सञ्चालन गरिरहेका युवाको वास्तविक अनुभवमा आधारित हुनुपर्छ ।

सम्मान पनि रोजगारी जत्तिकै महत्वपूर्ण छ । युवालाई आर्थिक अवसरसँगै सामाजिक सम्मान पनि चाहिन्छ । हामीले श्रमको सम्मान गर्न सिक्नुपर्छ । किसान, टेलर, कालिगढ, डिजाइनर, प्राविधिक, उद्यमी, कलाकार वा डिजिटल क्षेत्रमा काम गर्ने युवा- सबै राष्ट्र निर्माणका साझेदार हुन् । काम सानो वा ठूलो हुँदैन; कामप्रतिको इमानदारी, सीप र सोच ठूलो हुन्छ । जब समाजले युवाको सीपलाई सम्मान गर्न थाल्छ, युवाले पनि आफ्नो श्रमप्रति गर्व गर्न थाल्छ ।

**परिणाममुखी युवा नीतिको खाँचो**

अब हामीले युवा नीति कागजमा कति राम्रो छ भनेर मात्र बहस गर्ने होइन, त्यसको परिणाम के आयो भनेर हेर्नुपर्छ । कति युवाले सीप पाए ?, कति युवाले व्यवसाय सुरु गरे ? कति रोजगारी सिर्जना भयो ?, कति युवा विदेश जानुपर्ने बाध्यताबाट रोकिए ? कति परम्परागत सीप आधुनिक उद्योगमा रूपान्तरण भए ?, कति युवा उद्यमी बजारसँग जोडिए ? यस्ता प्रश्नको उत्तर दिने गरी परिणाममा आधारित युवा नीति आवश्यक छ । युवालाई लाभग्राहीको सूचीमा राखेर मात्र देशको भविष्य बदलिँदैन । युवालाई नीति निर्माण, कार्यान्वयन र मूल्याङ्कनको प्रक्रियामै सहभागी गराउनुपर्छ ।

अन्त्यमा, नेपालका युवामा क्षमता छैन भन्ने होइन । अवसरको कमी छ । युवा मेहनत गर्न चाहन्छ, सिक्न चाहन्छ, व्यवसाय गर्न चाहन्छ, नयाँ सिर्जना गर्न चाहन्छ । उसलाई आवश्यक छ–सही नीति, सहज वातावरण, पूँजीमा पहुँच, बजार, प्रविधि र सम्मान । सरकारले युवालाई केही समयका लागि आर्थिक सुविधा दिएर सहयोग गर्न सक्छ तर सीप, रोजगारी र उद्यमको वातावरण निर्माण गरेर मात्र दीर्घकालीन आत्मनिर्भरता सुनिश्चित गर्न सक्छ ।

हामीले युवालाई हात फैलाउने होइन, हातले अवसर सृजना गर्ने बनाउनुपर्छ । युवालाई रोजगारी खोज्नेमात्र होइन, रोजगारी सृजना गर्ने बनाउनुपर्छ । युवालाई विदेश जाने बाध्यतामा होइन, नेपालमै सम्भावना देख्ने आत्मविश्वासमा उभ्याउनुपर्छ । परम्परागत सीपलाई आधुनिक प्रविधिसँग जोडौं । स्थानीय उत्पादनलाई ब्रान्ड बनाऔं । युवाको श्रमलाई सम्मान गरौं । उद्यमलाई प्रोत्साहन गरौं । सीपलाई शिक्षासँग जोडौं । सरकारी नीतिलाई बजार र उत्पादनसँग जोडौं । किनकि नेपालको युवा केवल देशको भविष्य होइन- आजकै नेपालको आर्थिक र सामाजिक परिवर्तनको शक्ति हो । त्यसैले स्पष्टका साथ भन्न सकिन्छ- 'सहज सुविधा होइन- सीप, रोजगारी, उद्यम र सम्मान चाहन्छ युवा ।' यही सोचलाई व्यवहारमा उतार्न सकेमा युवा नेपालको समस्या होइन, नेपालको सबैभन्दा ठूलो सम्भावना र शक्ति बन्नेछ ।

आज अन्तर्राष्ट्रिय युवा दिवससमेत भएको सन्दर्भमा हाम्रा युवा केन्द्रित नीति, योजना र कार्यक्रमको समीक्षा गर्दै यसलाई आगामी दिनमा परिणाममुखी बनाउने प्रण गर्ने अवसर पनि हो । सन् २००० देखि संयुक्त राष्ट्रसङ्घको आह्वानमा अगस्त १२ तारिखका दिन यो दिवस मनाइँदै आएको यो दिवसको यस वर्षको मूल नारा 'भिन्न परिवेश, साझा आकाङ्क्षा' रहेको छ । *(लेखक युवा व्यवसायी हुनुहुन्छ)*

## विश्व समाचार

### स्टेट अफ होर्मुजमा नाकाबन्दी तोड्ने प्रयास गर्ने जहाजमा अमेरिकी आक्रमण

होर्मुज, संयुक्त राज्य अमेरिका, २७ साउन (रासस/एएफपी) ।

स्टेट अफ होर्मुजमा अमेरिकी नाकाबन्दी तोड्ने प्रयास गर्ने कार्गो जहाजमा अमेरिकी हेलिकप्टरले मिसाइल प्रहार गरेको अमेरिकी सेनाले जनाएको छ ।

युएस सेन्ट्रल कमाण्ड (सेन्टकम)ले सामाजिक सञ्जाल एक्समा अमेरिकी नौ-सेनाको एमएच-६० हेलिकप्टरले एम/भि वेला नोभा कार्गो जहाजले अमेरिकी सेनाले बारम्बार जारी गरेको चेतावनीलाई बेवास्ता गरी अगाडि बढ्ने प्रयास गरेपछि आक्रमण गरी अघि बढ्न नदिएको जनाएको छ ।

गत जुलाई-१४ मा इरानी बन्दरगाहमा अमेरिकी नाकाबन्दी पुनः स्थापित गरेपछि इरान विरुद्धको एक महिना लामो युद्धमा अमेरिकाले जबरजस्ती जहाज रोकेको यो तेस्रो पटक भएको जनाइएको छ ।

सेन्टकमले मङ्गलबारसम्म नाकाबन्दीको बेवास्ता गरी अगाडि खोज्ने तथा यस बन्दरगाहामा सञ्चालीत अन्य जहाजलाई पुनः निर्देशित गरेको बताएको छ ।

सेन्टकमका अनुसार अमेरिकी सेनाले यसअघि अप्रिल-१३ देखि जुन -१८ सम्ममा इरानी बन्दरगाह अवरुद्ध गरेको थियो, यस अवधिमा उनीहरूले नौवटा कार्गो जहाज निष्क्रिय पार्नुका साथै १४० भन्दाबढी जहाज पुनः निर्देशित गरेको जनाइएको छ ।

इरानले युद्ध अघि तेल र ग्यास ढुवानीका लागि प्रमुख मार्गको रूपमा रहेको स्टेट अफ होर्मुज पुनः खोल्नको लागि आफ्नो मुख्य सर्तको रूपमा संयुक्त राज्य अमेरिकाले इरानी बन्दरगाहमा जारी नाकाबन्दी समाप्त गनु पर्ने माग गरेको छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भने बारम्बार संयुक्त राज्य अमेरिकाले रणनीतिक जलमार्ग हार्मुज अमेरिकी कब्जा रहेको दावी गर्दै नाकाबन्दी जारी रहने अडान गर्नु भएको छ ।

### लिबियामा द्वन्द्व अन्त्य गरी, हिंसाका लागि जवाफदेही हुन राष्ट्रसङ्घको आह्वान

त्रिपोली (लिबिया), २७ साउन (सिन्ह्वा/रासस) ।

संयुक्त राष्ट्र सहायता मिसन (युएनएसएमआइएल)ले लिबियाको पश्चिमी शहर जावियामा भएको झडपलाई तत्काल रोक्न र हिंसाका लागि जिम्मेवार व्यक्तिले जवाफदेहीता अपनाउन आह्वान गरेको छ ।

एक विज्ञप्तिमा मिसनले जावियामा चलिरहेको झडप र सोर्मन सहरमा लडाइँको निन्दा गर्दै सम्बन्धित सबै पक्षलाई शत्रुता अन्त्य गर्न र तनाव बढाउन सक्ने कुनै पनि उत्तेजककार्यबाट टाढा रहन आग्रह गरेको छ ।

विज्ञप्तिमा उक्त झडपले सर्वसाधारणलाई जोखिममा पारेको उल्लेख गर्दै लडाइँको क्रममा निर्दोश नागरिकको मृत्यु भएको र कयौं घाइते भएको जनाइएको छ । साथै निजी तथा सार्वजनिक सम्पत्तिलगायत महत्वपूर्ण पूर्वाधारमा व्यापक क्षति पुगेको जनाइएको छ ।

मिसनले सार्वजनिक सुरक्षामा चिन्ता व्यक्त गर्दै सोरमानमा भएको झडपले धेरै कैदी भाग्न सक्ने अवस्था पनि निम्त्यायो उल्लेख गरेको छ ।

मिसनले सबै पक्षलाई अन्तरराष्ट्रिय मानवीय कानुन र अन्तरराष्ट्रिय मानवअधिकार कानुनको पालना गर्न आग्रह गर्दै मानवबसोवास भएका क्षेत्रमा वा नजिकै हतियारको प्रयोग अस्वीकार्य भएको कुरामा जोड दिएको छ ।

यसले लिबियाका अधिकारीलाई मानव बसोवास भएका क्षेत्रबाट हतियार फिर्ता लिन, सहमति गर्ने प्रयासलाई समर्थन गर्न, थप हिंसा रोक्न, र नागरिकका र महत्त्वपूर्ण पूर्वाधारको रक्षा गर्न एक समन्वित संयन्त्र स्थापना गर्न पनि आह्वान गरेको छ ।

### भारतमा सडक दुर्घटनामा परी १५ जनाको मृत्यु

नयाँदिल्ली, २७ साउन (रासस/सिन्ह्वा) ।

भारतमा भएका दुई वटा छुट्टा-छुट्टै सडक दुर्घटनामा परी कम्तीमा १५ जनाको मृत्यु हुनुका साथै अन्य धेरै जना घाइते भएको स्थानीय अधिकारीले बुधबार पुष्टि गरेका छन् ।

भारतको दक्षिणी राज्य तेलङ्गानामा सवारीले तीन पाङ्ग्रे सवारीमा ठोक्किँदा पाँच महिलासहित छ जनाको मृत्यु भएको छ भने अन्य छ जना घाइते भएका छन् । घाइतेलाई स्थानीय अस्पतालमा भर्ना गरिएको छ ।

यसैबीच, भारतको मध्यप्रदेशमा भरिएको नालाले यात्रु बहाक सवारी बगाउदा एउटै परिवारका छ जनासहित नौ जनाको मृत्यु भएको जनाइएको छ ।

एक जना स्थानीय अधिकारीले यस क्षेत्रमा भारी वर्षा भएको कारण नाला भरिएको जनाउनु भएको छ । सवारीमा रहेका ११ जनामध्ये दुई जना पौडी खेलेर सुरक्षित स्थानमा पुग्न सफल भएको समेत उहाँले बताउनुभएको छ ।

# पाकिस्तानको हिमपहिरोमा ज्यान गुमाएका तीन नेपालीको शव ल्याइयो

काठमाडौं, २७ साउन (रासस)।
पाकिस्तानको 'ब्रोड पिक'मा गएको हिमपहिरोमा परी ज्यान गुमाएका तीन नेपालीको शव मंगलबार नेपाल ल्याइएको छ।

गत साउन १४ गते गएको हिमपहिरोमा परी ज्यान गुमाएका किलीपेम्बा शेर्पा 'किलु', ग्यालु शेर्पा र निमा शेर्पाको शव मंगलबार साँझ हवाईजहाजमार्फत काठमाडौं ल्याइएको हो।

ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान)का वरिष्ठ उपाध्यक्ष कर्मा शेर्पाका अनुसार, उहाँहरूको शेर्पा परम्पराअनुसार दुई रात तीन दिन पूजा गरेर अन्त्येष्टि गरिने परिवारले जनाएको छ।

दुर्घटनामा ज्यान गुमाएका गोरखाका पुरबहादुर गुरुङ 'युक्ता'को शव भने यही साउन २१ गते नै नेपाल ल्याएर अन्त्येष्टि गरिसकिएको छ।

सोही हिमपहिरोमा ज्यान गुमाएका कीर्तिमानी पर्वतारोही निर्मल पुर्जाको शव भने बेलायत लगेर अन्त्येष्टि गरिनेछ। पुर्जाको परिवार बेलायतमै रहेकाले शव पनि बेलायत नै लगिएको बताइएको छ। दुर्घटनास्थलबाट अझै एक नेपालीको शव ल्याउन बाँकी रहेको छ। उक्त दुर्घटनामा छ नेपालीसहित १० आरोहीले ज्यान गुमाएका थिए।

# समझदारीपत्रमा हस्ताक्षर

काठमाडौं, २७ साउन (रासस)।
नेपालको शिक्षा, स्वास्थ्य र कृषि क्षेत्रमा भारत सरकारले रु ८० करोड ३० लाख बराबरको सहयोग उपलब्ध गराउने भएको छ।

परियोजना सञ्चालनसम्बन्धी समझदारीपत्रमा नेपाल सरकारका सम्बन्धित निकाय र नेपालस्थित भारतीय राजदूतावासका अधिकारीले मङ्गलबार हस्ताक्षर गरेका हुन्।

सम्झौताअनुसार कोशी प्रदेशको धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको 'डिजिटलाइजेसन', भोजपुरको टेम्केमैयुङ गाउँपालिका-९ मा कृषि उत्पादन सङ्कलन तथा बिक्री केन्द्र निर्माण हुनेछ।

यस्तै, मोरङको बेलबारी नगरपालिका-३ मा बेलबारी बहुमुखी क्याम्पसको भवन निर्माण र सुनसरीको बर्जु गाउँपालिकामा १५ शय्याको अस्पताल भवन निर्माण गरिनेछ। त्यस्तै, बागमती प्रदेशको धादिङको ज्वालामुखी गाउँपालिका-६ मा नगदे कृषि तथा पशुपन्छी केन्द्र भवन, कर्णाली प्रदेशको दैलेखको डुङ्गेश्वर गाउँपालिका-५ मा १० शय्याको अस्पताल निर्माण हुनेछ।

त्यस्तै, हुम्लाको सर्केगाड गाउँपालिका-४ मा कृषि प्रवर्द्धन केन्द्र र गण्डकी प्रदेशको स्याङ्जाको कालीगण्डकी गाउँपालिका-४ मा कोल्ड स्टोर निर्माण गरिनेछ। यी परियोजना नेपाल सरकारका स्थानीय निकाय तथा संस्थामार्फत कार्यान्वयन गरिने छ।

# 'निर्वाचन प्रहरीको पोसाक खरिद पारदर्शी छ'

काठमाडौं, २७ साउन (रासस)।
गृहसचिव राजकुमार श्रेष्ठले निर्वाचन प्रहरीको पोसाक खरिदसम्बन्धी विषयमा प्रचलित कानुनमा रहेको व्यवस्था पालना गरिएको स्पष्ट पार्नुभएको छ।

प्रतिनिधिसभा, सार्वजनिक लेखा समितिको बुधबारको बैठकमा उहाँले भन्नुभयो, "विगतमा जे जसरी सुरक्षा व्यवस्था र यससम्बन्धी सामग्रीको व्यवस्थापन गर्ने विषय समावेश गरियो, मापदण्डमा सोहीबमोजिम स्वीकृत गरेर अगाडि बढाइएको हो।"

गृहसचिव श्रेष्ठले विगतभन्दा अझ व्यवस्थित, पारदर्शी र एउटा मितव्ययी हिसाबले सम्पन्न गर्ने प्रयास गरेको र यसमा मन्त्रालयको तर्फबाट कुनै गतिविधि नभएको स्पष्ट पार्नुभयो।

प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले निवाचन प्रहरीको पोसाक खरिदमा अनियमिता भएको विषयमा सत्यता नभएको बताउनुभयो। "निर्वाचन प्रहरीले स्वयं वा आफ्नै समूहबाट मापदण्डअनुसारको पोसाक खरिद गरेको वा र सो रकम उनीहरूकै बैङ्क खातामा सोझै भुक्तानी भएको हुँदा यसमा नेपाल प्रहरीको कुनै तहको संलग्नता हुने विषय भएन", उहाँले भन्नुभयो।

सशस्त्र प्रहरी महानिरीक्षक नारायणदत्त पौडेलले गतआर्थिक वर्षको २०८२/८३ को यस पोसाक खरिद सन्दर्भमा सशस्त्र प्रहरी बलका तर्फबाट कुनै पनि बजेट हामीलाई प्राप्त बजेट पोसाक खरिद गर्न प्राप्त भएको बजेट कुनै पनि बजेटमा अनियमितता नभएको स्पष्ट पार्नुभयो।

### *एनसेलको शेयर ...*

सुझाएको छ।

त्यसैगरी, नेपालको दूरसञ्चार क्षेत्रमा विदेशी लगानीको नियमन, दूरसञ्चार सेवाको संवेदनशीलता, सेवा सञ्चालनको सुनिश्चितता, भविष्यको व्यावसायिक योजना, विदेशी लगानीको वातावरणमा पर्ने प्रभाव, पक्षहरूले हालसम्म गरेको कानूनी पालना, सम्झौताका शर्तहरूको यथार्थता, कारोबारको पारदर्शिता र मूल्यको विश्वसनीयता तथा अदालतका आदेशसमेत अध्ययन गरेर आवश्यक निर्णय लिनुपर्ने समितिको सुझाव छ।

प्रतिवेदनले दूरसञ्चार ऐन, २०५३ को दफा ३३ को व्यवस्थालाई आधार बनाउँदै अनुमतिपत्रको २५ वर्षे अवधि समाप्त भएपछि विदेशी लगानीको अवस्थाअनुसार दूरसञ्चार सेवासँग सम्बन्धित सम्पत्ति, भवन, यन्त्र-उपकरण तथा संरचनामा नेपाल सरकारको स्वामित्व सुनिश्चित हुने व्यवस्था कार्यान्वयन गर्न सुझाव दिएको छ। आगामी अनुमतिपत्र नवीकरणमा आवश्यक शर्त राखेर यस्तो स्वामित्व सुनिश्चित गर्न समितिले सरकारलाई सुझाव दिएको हो।

प्रतिवेदनले दूरसञ्चार ऐन, २०५३ लागू भएपछि नेपालको दूरसञ्चार तथा सूचना प्रविधि क्षेत्रमा ठूलो परिवर्तन आएको भन्दै सम्बद्ध सरकारी तथा नियामक निकायको पुनर्संरचना आवश्यक रहेको औंल्याएको छ।

साविकको सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, नेपाल दूरसञ्चार प्राधिकरणलगायत निकायको पुनर्संरचना गरी नियामकीय क्षमता अभिवृद्धि गर्नुपर्ने र दूरसञ्चार क्षेत्रमा नयाँ तथा नवीनतम विदेशी प्रविधि आत्मसात् गर्नसक्ने गरी कानूनी सुधार गर्नुपर्ने समितिको सुझाव छ।

समितिले एनसेलको विगतका शेयर तथा स्वामित्व कारोबारमा नेपाल र विदेशमा अपारदर्शी कारोबार भएको हुनसक्ने भन्दै राजस्व चुहावट, विदेशी मुद्रा अपचलन तथा सम्पत्ति शुद्धीकरणसम्बन्धी सम्भावित विषयमा सम्बन्धित निकायबाट अनुसन्धान गर्नुपर्ने सुझावसमेत दिएको छ।

प्रतिवेदनले एनसेलको पछिल्लो शेयर खरिद-बिक्रीलाई मात्र केन्द्रमा नराखी कम्पनीको स्थापनादेखिको स्वामित्व परिवर्तन, अफसोर कारोबार, लाभांश प्रवाह, कर तथा गैरकर दायित्व, विदेशी लगानी, नियामकीय अनुपालन, सम्भावित क्रसहोल्डिङ, कारोबार मूल्य र अन्तर्राष्ट्रिय विवादसम्मका विषयलाई समेटेको देखिन्छ। सरकारले प्रतिवेदन सार्वजनिक गरी सुझाव कार्यान्वयन गर्ने निर्णय गरेसँगै अब एनसेलको शेयर कारोबारबारे नियामकीय स्वीकृति, सम्भावित अनुसन्धान र कानूनी प्रक्रियाले थप गति लिने देखिएको छ।

# परिपक्व कूटनीतितर्फ प्रधानमन्त्री शाह: भारत र चीनसँग व्यावहारिक संवाद

**शरच्चन्द्र भण्डारी**
काठमाडौं, २७ साउन (रासस)।

वर्तमान सरकारको नेतृत्व गरेपछि विदेशी राजदूतहरूसँग सामूहिक भेटवार्तालाई प्राथमिकता दिँदै आउनुभएका प्रधानमन्त्री बालेन्द्र शाहले अन्ततः नेपालका दुई ठूला छिमेकी भारत र चीनका राजदूतसँग बेग्लाबेग्लै भेटवार्ता गर्नुभएको छ। सोमबार भारतीय राजदूत नवीन श्रीवास्तव र चिनियाँ राजदूत चाङ माओमिङसँग सिंहदरबारमा भएका छुट्टाछुट्टै भेटवार्ताले प्रधानमन्त्री शाहको परिपक्व कूटनीति सञ्चालन र व्यावहारिक संवादमा जोड दिएको सङ्केत गरेको छ।

सरकारको नेतृत्व गरेलगत्तै प्रधानमन्त्री शाहले विदेशी राजदूत तथा कूटनीतिक नियोगका प्रमुखसँग व्यक्तिगत भेटवार्ताभन्दा सामूहिक संवादलाई प्राथमिकता दिनुभएको थियो। गत वैशाखमा उहाँले नेपालमा रहेका विभिन्न मुलुकका राजदूत तथा कूटनीतिक नियोगका प्रमुखसँग सामूहिक भेटवार्ता गर्नुभएको थियो। त्यसबाट उहाँले व्यक्तिगत भेटभन्दा संस्थागत प्रक्रिया र कूटनीतिक 'प्रोटोकल'लाई प्राथमिकता दिन खोजेको सन्देश गएको थियो।

प्रधानमन्त्री शाहको यो शैलीले सुरुआती चरणमै राजनीतिक तथा कूटनीतिक वृत्तमा बहस निम्त्याएको थियो। यही अवधिमा भारतीय विदेशसचिव विक्रम मिस्रीको नेपाल भ्रमण स्थगित भएको विषयले पनि चर्चा पायो। विदेशसचिव मिस्रीको जेठ २८ गतेदेखि दुईदिने नेपाल भ्रमण निर्धारण भए पनि अन्तिम समयमा स्थगित भएको थियो। भ्रमण स्थगित हुनुको स्पष्ट आधिकारिक कारण सार्वजनिक भएन। यद्यपि केही स्रोतले प्रधानमन्त्री शाहसँगको भेटको अनिश्चिततालाई कारणका रूपमा उल्लेख गरे पनि त्यसलाई आधिकारिक रूपमा पुष्टि गरिएको छैन।

यस पृष्ठभूमिमा प्रधानमन्त्री शाहले भारत र चीनका राजदूतसँग बेग्लाबेग्लै भेटवार्ता गर्नु सामान्य शिष्टाचार भेटभन्दा बढी अर्थपूर्ण देखिन्छ। यसले उहाँले प्रोटोकल र संस्थागत प्रक्रियालाई पूर्णतः त्याग्नुभएको नभई प्रत्यक्ष राजनीतिक संवादको व्यावहारिक आवश्यकतालाई समेत स्वीकार गर्न थालेको सङ्केत गरेको छ। यसलाई आफ्नो पूर्वअडानबाट पछि हटेको भन्दा पनि बदलिँदो परिस्थितिअनुसार कूटनीतिक व्यवहारलाई अझ व्यावहारिक र परिणाममुखी बनाउने प्रयासका रूपमा हेर्नुपर्छ।

कूटनीति औपचारिक पत्राचार, मन्त्रालयगत संयन्त्र र निर्धारित प्रोटोकलमा मात्र सीमित हुँदैन। राजनीतिक नेतृत्व र विदेशी प्रतिनिधिबीचको प्रत्यक्ष संवादले विश्वास निर्माण गर्न, प्राथमिकता बुझ्न र पारस्परिक हितका क्षेत्रमा सहकार्यका सम्भावना पहिचान गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ। कूटनीतिमा के भनिन्छ भन्ने मात्र होइन, कसरी र कुन परिवेशमा भनिन्छ भन्ने कुराले पनि अर्थ राख्छ।

भारतीय राजदूत श्रीवास्तवसँगको भेट प्रधानमन्त्री बनेपछि प्रधानमन्त्री शाहले गर्नुभएको पहिलो एकल विदेशी राजदूत भेटवार्ता थियो। भेटमा प्रधानमन्त्री शाहले नेपाल-भारतको ऐतिहासिक सम्बन्धलाई अझ प्रगाढ बनाउनुपर्ने तथा साझा हितका क्षेत्रमा मिलेर काम गर्नुपर्नेमा जोड दिनुभयो। राजदूत श्रीवास्तवले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको शुभकामना प्रधानमन्त्री शाहसमक्ष प्रस्तुत गर्दै दुई देशबीचको बहुआयामिक साझेदारीलाई अझ सघन बनाउने विषयमा छलफल भएको बताउनुभएको छ।

सोही दिन प्रधानमन्त्री शाहले चिनियाँ राजदूत चाङ माओमिङसँग पनि एकल भेटवार्ता गर्नुभयो। प्रधानमन्त्रीको सचिवालयका अनुसार भेटमा नेपाल-चीन सम्बन्धलाई अझ सुदृढ बनाउने, विभिन्न क्षेत्रमा सहकार्य विस्तार गर्ने तथा विकास साझेदारीलाई अघि बढाउने विषयमा छलफल भएको थियो।

एकैदिन भारत र चीनका राजदूतसँग प्रधानमन्त्रीले छुट्टाछुट्टै भेटवार्ता गर्नुको कूटनीतिक सन्देश पनि महत्त्वपूर्ण छ। यसबाट नेपालले एउटा छिमेकीसँगको सम्बन्धलाई अर्को छिमेकीसँगको सम्बन्धको चस्माबाट नभई दुवैसँग स्वतन्त्र रूपमा अघि बढाउन चाहेको देखाउँछ।

सरकारले अघि सारेको स्वतन्त्र परराष्ट्र नीतिको दृष्टिकोण पनि यही हो। नेपालले भारत र चीनसँगको दीर्घकालीन द्विपक्षीय सम्बन्धलाई सार्वभौम समानता, पारस्परिक सम्मान, पारस्परिक लाभ तथा एकअर्काका जायज चासो र सरोकारप्रति संवेदनशीलताका आधारमा स्वतन्त्र रूपमा सुदृढ गर्ने प्रतिबद्धता व्यक्त गर्दै आएको छ।

नेपालका लागि भारत र चीनसँगको सम्बन्ध केवल भूराजनीतिक विषयमात्र होइन। यो मुलुकको आर्थिक रूपान्तरणसँग पनि प्रत्यक्ष रूपमा जोडिएको छ। भारत र चीन विश्वका ठूला तथा तीव्रगतिमा बढिरहेका अर्थतन्त्रमध्ये भएकाले दुवैको विकासलाई नेपालले व्यापार विस्तार, लगानी आकर्षण, सम्पर्क सञ्जाल विस्तार, पर्यटन प्रवर्द्धन तथा आर्थिक सहकार्यका अवसरका रूपमा लिएको छ। साथै, आर्थिक कूटनीतिलाई नेपालको परराष्ट्र नीतिको महत्त्वपूर्ण आधार बनाइएको छ। व्यापार, लगानी, प्रविधि हस्तान्तरण, पर्यटन, शिक्षा र नवप्रवर्तनमार्फत नेपालको विकासमा बाह्य सम्बन्धलाई उपयोग गर्ने नीति अघि सारिएको छ।

भारत र चीनबीच अवस्थित नेपालको भौगोलिक अवस्थालाई पनि सरकारले आर्थिक अवसरका रूपमा लिएको छ। नेपाललाई भूपरिवेष्टित मुलुकबाट चीन र दक्षिण एसियाबीचको गतिशील 'पुल'का रूपमा विकास गर्ने आकाङ्क्षा अघि सारिएको छ। सीमापार यातायात तथा डिजिटल सम्पर्क, व्यापार सहजीकरण तथा वस्तु, सेवा, लगानी, प्रविधि र ज्ञानको सहज आवागमन त्यसको महत्वपूर्ण पक्ष हो।

उपर्युक्त पृष्ठभूमिमा भारत र चीन दुवैसँग अर्थपूर्ण संवाद कायम राख्नु कूटनीतिक शिष्टाचारको विषयमात्र होइन, नेपालको विकास आवश्यकतासँग पनि जोडिएको विषय हो। भारतसँग व्यापार, ऊर्जा, पर्यटन, पूर्वाधार तथा सीमापार सम्पर्कका क्षेत्रमा सहकार्यका महत्त्वपूर्ण सम्भावना छन् भने चीनसँग पूर्वाधार, व्यापार, लगानी, पर्यटन, प्रविधि तथा विकास सहकार्यका क्षेत्रमा अवसर छन्।

प्रधानमन्त्री शाह नेतृत्वको सरकारका प्राथमिकता एउटा छिमेकी रोज्नु नभई दुवैसँग प्रभावकारी रूपमा सम्बन्ध सुदृढ बनाउनु हो। त्यस क्रममा नेपालको कूटनीतिक स्वायत्तता कायम राख्दै द्विपक्षीय सम्बन्धबाट ठोस राष्ट्रिय लाभ हासिल गर्नु मुख्य विषय हुनेछ। अब आगामी चरण अझ महत्त्वपूर्ण हुनेछ। भारत र चीनसँगको पछिल्लो प्रत्यक्ष संवादलाई व्यापार, लगानी, ऊर्जा, सम्पर्क, प्रविधि र विकास सहकार्यका क्षेत्रमा ठोस उपलब्धिमा रूपान्तरण गर्नु आजको आवश्यकता हो। प्रधानमन्त्री शाहको परिपक्व कूटनीतिक कार्यशैलीले मुलुकको चौतर्फी विकासको औजार आर्थिक कूटनीतिलाई अझ प्रभावकारी बनाउन महत्त्वपूर्ण आधार तयार हुने विश्वास गरिएको छ।

दुई ठूला शक्तिराष्ट्रबीच रहेको नेपालका लागि कूटनीतिक एकाकीपन सम्भव विकल्प होइन। त्यस्तै एउटा छिमेकीसँग अत्यधिक निकटता कायम गरेर अर्कोलाई टाढा राख्नु पनि दीर्घकालीन हितमा हुँदैन। दुवैसँग आत्मविश्वासका साथ संवाद गर्ने, आफ्नो कूटनीतिक स्वायत्तता कायम राख्ने, दुवैका जायज चासोलाई सम्मान गर्ने र भारत तथा चीनसँगका सम्बन्धलाई नेपालको राष्ट्रिय हित तथा दीर्घकालीन विकाससँग जोड्ने नीति नै नेपालको व्यावहारिक मार्ग हुनसक्छ। यस दिशामा प्रधानमन्त्री शाह अग्रसर हुनुभएको भारत र चीनका राजदूतसँगको भेटले पुनर्पुष्टि गरेको छ।

**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*